# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्ष ५७ | २०८१ माघ-फागुन | अङ्क ४


## कोशी प्रदेशका क्याम्पसहरूको स्थलगत भ्रमण

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशर जङ्ग बरालले कोशी प्रदेशस्थित त्रिविका आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पसहरूको स्थलगत भ्रमण गर्नुभएको छ ।

फागुन १५-२२ मा भएको भ्रमणको सिलसिलामा उपकुलपति बराल विराटनगर स्थित महेन्द्र मोरङ बहुमुखी, विराटनगर नर्सिङ्ग र डिग्री क्याम्पस, धरानस्थित महेन्द्र बहुमुखी, पूर्वाञ्चल इञ्जिनियरिङ्ग र केन्द्रीय प्रविधि क्याम्पस, झापास्थित गौरादह कृषि, मेची र त्रिदेव बहुमुखी क्याम्पस तथा इलामको महेन्द्ररत्न, तेह्रथुमको तेह्रथुम बहुमुखी, धनकुटाको धनकुटा बहुमुखी, भोजपुरको भोजपुर बहुमुखी र खोटाङको दिक्तेल बहुमुखी क्याम्पस पुग्नुभएको थियो । यस क्रममा उहाँले क्याम्पसका भौतिक स्रोतसाधन, शैक्षिक कार्यक्रम, विद्यार्थी-शिक्षक अनुपात, आवश्यकता र चुनौतीबारे पदाधिकारी, कर्मचारी एवम् विद्यार्थीहरूसँग जानकारी लिनुका साथै प्रयोगशाला, कक्षाकोठा, पुस्तकालय, छात्रावास, जग्गाजमीन र संरचनाको निरीक्षण-अवलोकन गर्नुभयो ।

भ्रमण कोशी प्रदेशस्थित विश्वविद्यालयका आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पसहरूलाई समयानुकूल एवम् स्तरीय बनाउन तिनको आवश्यकता पहिचान गर्ने, दिगो विकास र गुणस्तरका लागि क्षेत्रगत बजेट विनियोजन गर्ने, नयाँ शैक्षिक कार्यक्रमहरूको सम्भाव्यता अध्ययन गर्ने तथा उपलब्ध भौतिक स्रोतसाधनको उपयोगिता पहिचान गर्ने उद्देश्यले भएको थियो । यिनै कुरालाई ध्यानमा राखेर विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक र जनप्रतिनिधिहरूसँग अन्तरक्रिया गर्दै उपकुलपति बरालले क्याम्पस सञ्चालक तथा प्रमुखहरूलाई भौतिक संरचना बढाउने लहडमा लाग्नुभन्दा आफूसँग उपलब्ध पूर्वाधारहरूको समुचित उपयोग गर्न, पुस्तकालयमा आधुनिक सूचनाप्रविधिको प्रयोग गर्न, प्रयोगशालालाई व्यवस्थित गर्न, स्थानीय ज्ञानमा आधारित विषयहरूको पाठ्यक्रम निर्माण र पठन-पाठन शुरू गर्न तथा विद्यार्थीका कठिनाइहरू समाधान गरी उच्चशिक्षाको स्तरवृद्धिमा सकारात्मक भूमिका निर्वाह गर्न निर्देशन दिनुभयो ।

उपकुलपतिसँग अन्तरक्रियाका क्रममा इलामको महेन्द्ररत्न बहुमुखी क्याम्पसका शिक्षकले उठाएका केन्द्रीय प्रवेशपरीक्षाका कारण बिएस्सी हर्टिकल्चर विषयमा विद्यार्थी सङ्ख्या घटेको समस्यालाई गम्भिरतापूर्वक लिँदै उहाँले भन्नुभयो, "यहाँहरूले भन्नुभए जस्तो प्रवेशपरीक्षाका कारणले विद्यार्थी सङ्ख्या घटेको हो भने यसलाई सम्बोधन गर्नेछौं । तर समग्रमा मुलुकको सामाजिक-राजनीतिक परिस्थिति, रोजगारीको अवस्था र सुविधासम्पन्न क्षेत्रप्रतिको आकर्षणले गर्दा पहाडी र ग्रामीण क्षेत्रमा देशव्यापी रूपमै बसाइसराइको प्रवृत्ति बढेको छ । यसको प्रभावले यस भेगका अन्य क्याम्पसमा पनि विद्यार्थी सङ्ख्या घटेको छ । यस्तो हुन नदिन हामीले पनि स्थानीय निकायहरूसँग समन्वय गरेर रैथाने ज्ञानको आधुनिकीकरण गर्ने र उच्चशिक्षालाई आफ्नो ठाउँको रोजगारी एवम् उद्यमशिलतासँग जोड्ने खालका शैक्षिक कार्यक्रम चलाउनुपर्ने आवश्यकता छ ।"

अन्तरक्रियाकै क्रममा लामो समयसम्म आंशिक र करारमा काम गर्नुपरिहेको भन्ने शिक्षक-कर्मचारीहरूको गुनासोमा प्रतिक्रिया जनाउँदै उपकुलपति बरालले भन्नुभयो, "त्रिवि सेवा आयोगमा समयमा पदाधिकारी नियुक्त हुँदैनन् । कहिलेकाहिँ आयोगको विश्वसनियतामाथि पनि प्रश्न उठ्ने गर्दछ । खुलेका विज्ञापनलाई मुद्दा हालेर रोक्ने प्रवृत्ति छ । यी र यस्तै कारणले योग्य र सक्षम शिक्षक-कर्मचारीहरू समेत् लामो समय आंशिक र करारमा काम गर्न बाध्य

छन् । हामी यो विषयलाई गम्भिरतापूर्वक लिएर त्रिवि सेवा आयोगको काम अघि बढाउने छौं । मुलुकको भविष्यसँग जोडिएको उच्चशिक्षाको विकासका लागि हामीले मुलुकका राजनीतिक एवम् संसदीय नेतृत्वसामु पनि आवाज उठाउँदै आइरहेका छौं । अवका दिनमा राजनीतिक दलहरूसँग निकटताका आधारमा विश्वविद्यालय सेवामा प्रवेश गर्ने र करार हुँदै स्थायी हुने प्रवृत्तिलाई अन्त्य गर्नेतर्फ पनि हाम्रो प्रयास केन्द्रित हुनेछ ।"

## त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालको कोशी प्रदेशका आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरूको स्थलगत अवलोकन भ्रमणका तस्वीरहरू ।




















4TH PROVINCIAL JAMBORETTE 2025




त्रिभुवन विश्वविद्यालय
तेह्रथुम बहुमुखी क्याम्पस
शिक्षण भवन समुद्घाटन समारोह-२०८१
मिति : २०८१/११/२० गते








धनकुटा बहुमुखी क्याम्पस, धनकुटा
स्थापना - २०१२
"स्वर्ण महोत्सव-२०६१"
WEL
CO










त्रिभुवन विश्वविद्यालय
भोजपुर बहुमुखी क्याम्पस, भोजपुर
९औं वार्षिकोत्सव
समापन समारोह













त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
महेन्द्ररत्न बहुमुखी क्याम्पस,इलाम
MAHENDRA RATNA MULTIPLE CAMPUS, ILAM
THE FIRST QAA CERTIFIED CONSTITUENT CAMPUS








# तेह्रथुम र इलाममा नयाँ शिक्षण भवनको समुद्घाटन

कोशी प्रदेशस्थित क्याम्पसहरूको स्थलगत भ्रमणका बेला त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले फागुन १९ मा इलामको महेन्द्ररत्न बहुमुखी क्याम्पस र २० मा तेह्रथुम बहुमुखी क्याम्पसका नवनिर्मित कक्षाकोठामा अध्यापन गराउनुपर्ने धारणा व्यक्त गर्नुभयो । त्रिभुवन विश्वविद्यालयमा सबैभन्दा महत्वपूर्ण पक्ष विद्यार्थी भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "त्रिविमा घट्दै गइरहेको विद्यार्थी सङ्ख्याप्रति लिएको छु ।"

समारोहमा क्याम्पसप्रमुख गंगाराम पौडेलले क्याम्पसका बारेमा जानकारी दिंदै शिक्षक-कर्मचारीको अभावले अध्ययन-अध्यापनमा कठिनाइ




*तेह्रथुम बहुमुखी क्याम्पसको शिक्षणभवन समुद्घाटन समारोहलाई सम्बोधन गर्दै त्रिवि उपकुलपति प्रा.डा. केशरजङ्ग बराल ।*
*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

शिक्षण भवनहरूको उद्घाटन गर्नुभएको छ ।

इलाममा त्रिवि केन्द्रीय कार्यालयको विकास बजेटबाट रू. १ करोडको लागतमा निर्मित महेन्द्ररत्न बहुमुखी क्याम्पसको आठकोठे शैक्षिक भवनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उपकुलपति बरालले क्याम्पसले भौतिक संरचनाको व्यवस्थित प्रयोग गरेर विद्यार्थीहरूलाई सुविधासम्पन्न हामीले चिन्तित हुनुपर्दछ । विद्यार्थीहरूमा परम्परागत विषयप्रतिको आकर्षण कम भएकोले अव विश्वविद्यालयले रोजगारी सिर्जना गर्ने आधुनिक र बजारकेन्द्रित विषयलाई प्राथमिकतामा राखेको र आङ्गिक क्याम्पसहरूमा नयाँ र रोजगारकेन्द्रित विषयहरूको अध्ययन-अध्यापन गराउन स्वीकृति दिने लक्ष्य लिएको छ । तपाईंहरूले पनि यसमा ध्यान दिनुहुनेछ भन्ने मैले विश्वास सिर्जना भएको र सरूवा प्रणाली व्यवस्थित नहुँदा काठमाडौं उपत्यका बाहिरका क्याम्पसहरूमा जनशक्तिको ठूलो सङ्कट भइरहेको कुरा उठाउनु भयो ।

त्रिवि केन्द्रीय कार्यालयको आर्थिक सहयोगमा रू.२ करोड ६१ लाखको लागतमा निर्मित तेह्रथुम बहुमुखी क्याम्पसको आठकोठे शिक्षण भवन उदघाटन समारोहमा उपकुलपति

बरालले पूर्वको दुरदराजमा स्थापित तेह्रथुम क्याम्पसमा पनि विद्यार्थी सङ्ख्या क्रमशः घट्दै गइरहेकोप्रति चिन्ता व्यक्त गर्नुभयो । २०१७ सालमा स्थापित यस भेगकै पुरानो उच्चशिक्षण संस्था आठराई, चुहानडाँडास्थित तेह्रथुम क्याम्पस धेरै वर्षदेखि कच्ची भवनमा सञ्चालन हुँदै आएको थियो ।

"हामीले विद्यार्थीहरूमा मालिक बन्ने भावना जागृत गराउन सक्नुपर्दछ", क्याम्पस नेतृत्व तथा प्राध्यापकहरूलाई आह्वान गर्दै उपकुलपति बरालले भन्नुभयो, "क्याम्पसमा भएका पूर्वाधार हरूलाई विस्तारै आधुनिक बनाउँदै लैजान र ननक्रेडिट पाठ्यक्रमहरू समेत् सञ्चालन गरेर क्याम्पसको आत्मनिर्भरता बढाउन त्रिभुवन विश्वविद्यालयले पनि तपाईंहरूलाई आवश्यक सहयोग गर्नेछ ।"

# सेरिडको ४८ औं वार्षिक दिवस

त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)को ४८ औं वार्षिक दिवस अनुसन्धानका क्षेत्रमा केन्द्रले गरेका महत्वपूर्ण कामहरूको चर्चा गर्दै मनाइएको छ । बल्खुस्थित सेरिड कार्यालयमा माघ २ गते आयोजित वार्षिकोत्सव समारोहको उद्घाटन त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीले गर्नुभएको थियो ।

उद्घाटन मन्तव्यमा शिक्षाध्यक्ष केसीले विश्वविद्यालयहरू समाजको सोच, चेतना, दृष्टिकोण र चरित्रबाट अलग हुन नसक्ने धारणा व्यक्त गर्दै भन्नुभयो, "हाम्रो विश्वविद्यालयका पनि केही सिमितता छन् । स्रोतसाधन पर्याप्त छैनन् । पदाधिकारीहरू धर्ना, आन्दोलन, बन्द र मागहरूबाट उन्मुक्त भएर प्राज्ञिक कार्यमा समर्पित हुनपाइरहेका छैनन् । यस्तो अवस्थामा पनि हाम्रा प्राध्यापकहरू अब्बल दर्जाका छन् । ख्यातिप्राप्त अन्तरराष्ट्रिय जर्नलमा उहाँहरूका लेख प्रकाशित हुन्छन् । यति हुँदाहुँदै पनि विश्वविद्यालयमा केही भएकै छैन र विश्वविद्यालय निरन्तर खस्कँदै गइरहेको छ भन्ने जस्ता भाष्यका पछाडि




*शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)को वार्षिक दिवस समारोहलाई सम्बोधन गर्दै शिक्षाध्यक्ष प्रा.डा. खड्ग के.सी. ।*
*तस्वीर : सूचना तथा जनसम्पर्क महाशाखा*

अनेकौं पूर्वाग्रहले काम गरिरहेका छन् ।" शिक्षाध्यक्ष केसीले त्रिविले अनुसन्धानका लागि आवश्यक कार्यविधि निर्माण र विद्यावारिधिको गुणस्तर अभिबृद्धि गर्ने उल्लेख गर्दै अनुसन्धान केन्द्रहरूले आवश्यक बजेटको लागि प्रस्ताव लेखन समेत् नगर्ने अवस्था अन्त्य हुनुपर्नेमा जोड् दिनुभयो ।

समारोहमा शुभकामना मन्तव्य व्यक्त गर्ने क्रममा शिक्षाशास्त्र सङ्कायका डीन प्रा.डा. वेदराज आचार्यले शिक्षाशास्त्र सङ्काय र सेरिडको अन्योन्याश्रित सम्बन्धको चर्चा गर्दै आगामी दिनमा सेरिडले गर्ने अनुसन्धानमा सङकायले अवलम्बन गरेको ग्रेडिङ प्रणाली, प्रश्नपत्र निर्माण, परीक्षा प्रणाली सुधार लगायत्का विषय समावेश हुने स्पष्ट गर्नुभयो । व्यावहारिक विज्ञान तथा अनुसन्धान केन्द्र (रिकास्ट)का कार्यकारी निर्देशक प्रा.डा. मीना राजभण्डारीले रैथाने ज्ञान र प्रविधिको विकास तथा नवप्रवर्तनका लागि राज्य र विश्वविद्यालयले आवश्यक बजेट विनियोजन गर्नुपर्नेमा जोड् दिँदै माटो सुहाउँदो प्रविधिको विकासका लागि विज्ञान र प्रविधिका क्षेत्रमा पर्याप्त लगानी हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

शिक्षाशास्त्र सङ्कायका पूर्वडीन प्रा.डा. चित्रबहादुर बुढाथोकीले अनुसन्धान केन्द्रले नवप्रवर्तन र विकासलाई जोड दिनुपर्ने, ज्ञान निर्माणमा अत्यावश्यक अनुसन्धानका लागि संस्थागत पहल गर्नुपर्ने, नवप्रवर्तनका लागि सकारात्मक हस्तक्षेप गर्नुपर्ने, योग्यता प्रणाली कार्यान्वयन हुनुपर्ने, जनशक्ति निर्माणको यथोचित नीति हुनुपर्ने र तथ्याङ्कमा वास्तविकता एवम् एकरूपता हुनुपर्ने स्पष्ट गर्नुभयो ।

सेरिडका पूर्व कार्यकारी निर्देशक प्रा.डा. हृदयरत्न बज्राचार्यले विश्वमा विकासको नेतृत्व गरिरहेका मुलुकहरूको नीतिगत आधारस्तम्भका रूपमा शिक्षाक्षेत्रसँग सम्बन्धित अनुसन्धान केन्द्रहरूले प्रभावकारी भूमिका निर्वाह गरेको उल्लेख गर्दै भन्नुभयो, "शिक्षा विकास तथा अनुसन्धान केन्द्रले शिक्षामा लगानी गर्ने सरोकारवाला, विश्वविद्यालय र दातृनिकायहरूसँग समेत् मिलेर समाजलाई रूपान्तरण गर्ने यन्त्रका रूपमा शिक्षाको विकाससँग सम्बन्धित विषयका परियोजनाहरू ल्याउनु पर्दछ ।"

त्रिभुवन विश्वविद्यालय अनुसन्धान निर्देशनालयका निर्देशक प्रा.डा. ईश्वर कोइरालाले अनुसन्धानमा बजेट निरन्तर वृद्धि हुँदै गइरहेको र अनुसन्धानप्रतिको जागरूकता बढेको बताउनु भयो । शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)का कार्यकारी निर्देशक डा. राजेन्द्र कुँवरले सबैको सल्लाह र सुझावलाई अनुशरण गर्दै सेरिडलाई अझ व्यवस्थित र अनुसन्धानमूलक बनाउने अठोट व्यक्त गर्नुभयो । अनुसन्धानका लागि पर्याप्त बजेट र दक्ष जनशक्ति एवम् उपयुक्त वातावरण निर्माण गर्न सामुहिक प्रयत्नबाट सम्भव हुने उहाँको विश्वास थियो ।

वार्षिक दिवस कार्यक्रममा सेरिडका उपप्राध्यापक डा. देवराज आचार्यले आर्थिक वर्ष २०८०/२०८१ मा भएका अनुसन्धान गतिविधिबारे जानकारी दिनुभयो । सो अवसरमा सेरिडमा कार्यरत उत्कृष्ट शिक्षकमा उपप्राध्यापक डा. देवराज आचार्य र कर्मचारीमा मुख्य लेखा सहायक प्रमिला अधिकारी पुरस्कृत हुनुभएको थियो भने अनिवार्य अवकाशप्राप्त शाखा अधिकृत हरिकृष्ण श्रेष्ठ र निवर्तमान कार्यकारी निर्देशक प्रा.डा. सुरेन्द्र गिरी सम्मानित हुनुभएको थियो ।

कार्यक्रममा आठराई गाउँपालिकाका अध्यक्ष दिलकुमार पहिमले समुदायको पहलमा जिल्लाको पुरानो तेह्रथुम बहुमुखी क्याम्पसको चौतर्फी विकासका लागि गाउँपालिकाले सीमित स्रोतसाधनका बीच पनि सहयोग गर्ने प्रतिवद्धता जनाउनु भयो । क्याम्पस प्रमुख पोष्टराज लामिछानेले क्याम्पसको भौतिक र शैक्षिक अवस्थाबारे जानकारी दिँदै भन्नुभयो, "क्याम्पसमा स्नातक तहमा मानविकी, व्यवस्थापन र शिक्षाशास्त्र सङ्कायका कार्यक्रमहरू तथा स्नातकोत्तर तहमा मानविकी सङ्कायको जनसङख्या अध्ययन विषयमा पठनपाठन हुनेगरेको छ । हाल क्याम्पस गुणस्तर प्रत्यायन (QAA) प्राप्तिको प्रक्रियामा छ ।"

सेरिडको वार्षिक दिवस कार्यक्रममा आठराई गाउँपालिकाका उपाध्यक्ष बलिराज ईङनाम, वडा नं. ६ का वडा अध्यक्ष कृष्णप्रसाद बास्कोटा लगायत् राजनीतिक पार्टी र स्थानीय समुदायका प्रतिनिधिहरूको समेत् उपस्थिति थियो ।

## त्रिवि बुलेटिन वेबसाइटमा

त्रिभुवन विश्वविद्यालय सूचना तथा जनसम्पर्क महाशाखाबाट प्रकाशित त्रिवि बुलेटिन निम्न वेबसाइटमा पनि उपलब्ध छ ।

# शिक्षा मन्त्रालय र सेरिडबीच सहकार्यको सम्झौता

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)बीच अनुसन्धानमा सहकार्यको सम्झौता भएको छ । शैक्षिक विकास तथा अनुसन्धान केन्द्र (सेरिड) नेपालमा शिक्षा क्षेत्रमा काम गर्ने अग्रणी अनुसन्धान केन्द्र हो । स्तरीय शिक्षा प्रवर्द्धन गर्ने प्रतिवद्धता लिएर स्थापित यस केन्द्रले शिक्षा क्षेत्रसँग सम्बन्धित नीति, अनुसन्धान, शैक्षिक प्रवर्तनलगायत्का सान्दर्भिक विषयमा अध्ययन-अनुसन्धानको काम गर्दै आएको छ ।

माघ ७ गते एक विशेष कार्यक्रमका बीच मन्त्रालयका तर्फबाट सहसचिव शिवकुमार सापकोटा तथा सेरिडका तर्फबाट कार्यकारी निर्देशक डा. राजेन्द्र कुँवरले समझदारी-पत्र (MoU) मा हस्ताक्षर गर्नुभएको छ । सम्झौताअनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)बीच मन्त्रालय मातहतका निकाय एवम् संस्थाका वार्षिक कार्यक्रम अन्तर्गत् गरिने अध्ययन-अनुसन्धान, नीति तथा योजना निर्माण, पाठ्यक्रम मूल्याङ्कन, विद्यार्थी सिकाइ उपलब्धि परीक्षण, विद्यालय कार्यसम्पादन परीक्षण, सेमिनार-गोष्ठी व्यवस्थापन, विद्यालयस्तरीय परीक्षा प्रणाली र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम लगायत्का कार्यक्रमहरूको कार्यान्वयन प्रणालीमा सुधार एवम् जवाफदेहिता अभिवृद्धि गर्न मन्त्रालयसँग अनुसन्धानमा सहकार्य र सहजीकरण हुनेछ ।

सम्झौतामा समझदारी-पत्र कार्यान्वयनका लागि मन्त्रालयले आफू मातहतका निकाय र संस्थाहरूलाई आवश्यक निर्देशन एवम् सहजीकरण गर्नेछ भने सेरिडले मन्त्रालयको अग्रसरतामा प्रस्तावित सहकार्य तथा साझेदारीका क्षेत्रमा उच्चविज्ञता र व्यावसायिक उत्कृष्टता प्रदान गर्ने, मन्त्रालयबाट प्राप्त अनुसन्धान लगायत्का परियोजना सम्पन्न भएपछि तिनको प्रतिवेदन अथवा दस्तावेजको यथोचित प्रचार-प्रसार गर्ने तथा समझदारी-पत्र कार्यान्वयनका लागि त्रिवि प्रशासन, शिक्षाशास्त्र सङ्काय लगायत्का सम्बन्धित निकाय र क्याम्पससँग समन्वय गर्ने कुराहरू पनि उल्लेख गरिएको छ ।



*अनुसन्धानका क्षेत्रमा परस्पर सहकार्यको सम्झौता गर्दै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र सेरिड अधिकारीहरू ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

# शिक्षाशास्त्र सङ्काय विद्यापरिषद्को पूर्ण बैठक

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय विद्यापरिषद्को पूर्ण बैठक विभिन्न नीतिगत निर्णयहरू गरी सम्पन्न भएको छ । तलब-सुविधाप्रतिको बुझाइका कारण नेपाललगायत् दक्षिण एसियामै शिक्षण पेशाप्रति आकर्षण घट्दै गएको र शिक्षाशास्त्र सङ्कायप्रतिको धारणा




*शिक्षाशास्त्र सङ्काय विद्यापरिषदको पूर्ण बैठकमा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसी लगायत् सहभागीहरू ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

र शिक्षकहरूलाई अनुसन्धानमा प्रेरित गर्ने काम गर्नुपर्नेछ ।"

बैठकमा शिक्षाशास्त्र सङ्कायका डीन प्रा.डा. वेदराज आचार्यले

त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीको प्रमुख आतिथ्यमा फागुन २ गते सम्पन्न बैठकमा शिक्षाशास्त्र सङ्कायलाई व्यवस्थित र प्रभावकारी बनाउन पाठ्यक्रम निर्माण, सङ्कायका शैक्षिक कार्यक्रम तथा विषयमा भर्ना गर्न आवश्यक न्यूनतम योग्यता निर्धारण, पूर्वाधार निर्माण लगायत्का विषयमा महत्वपूर्ण निर्णयहरू भएका छन् ।

बैठकलाई सम्बोधन गर्दै शिक्षाध्यक्ष केसीले सामाजिक चेतना तथा कमजोर भएको उल्लेख गर्नुभयो । उहाँको भनाइ थियो, "शिक्षकलाई राज्यले मानवीय क्षमताको स्तरोन्नति गर्ने समाज रूपान्तरणको महत्वपूर्ण अवयवका रूपमा आत्मसात गर्नुपर्दछ । शिक्षाशास्त्र सङ्कायमा देखिएका शैक्षिक अवरोध, अभ्यास शिक्षणमा कठिनाइ एवम् जनशक्ति अभावजस्ता समस्या समाधान गर्न हामी निरन्तर प्रयत्नशील छौं भने सङकायले पनि स्तरीय अनुसन्धानमूलक जर्नल प्रकाशनलाई प्राथिमकता दिने सङ्कायको समग्र विकासका लागि आफ्ना योजनाहरू प्रस्तुत गर्दै तिनको कार्यान्वयन हुनथालिसकेको बताउनु भयो । उहाँले शैक्षिक गुणस्तर कायम गरी प्रश्नपत्रको स्तरियता व्यवस्थित गर्न प्रश्नपत्र निर्माण निर्देशिका तयारी समिति, परीक्षा मर्यादित गर्न परीक्षा सञ्चालन निर्देशिका समिति, अभ्यास शिक्षण व्यवस्थित गर्न अभ्यास शिक्षण निर्देशिका समिति र एमफिल एवम् विद्यावारिधिबाट निकालिएका निष्कर्षलाई

व्यवस्थित गर्न विद्यावारिधि शोधसार निर्माण समिति गठन गरी सुधारात्मक कदम अघिसारिएको जानकारी पनि गराउनु भयो ।

बैठकमा राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मा, शिक्षाशास्त्र सङ्कायका निवर्तमान डीन प्रा.डा. चित्रबहादुर बुढाथोकी, पब्लिक क्याम्पस संघका अध्यक्ष शत्रुघन प्रसाद गुप्ता, विद्या परिषदका सदस्यहरू प्रा.डा. नारायण प्रसाद पौड्याल, प्रा.डा. पेशल खनाल, प्रा.डा. नारायण प्रसाद बेलवासे, प्रा.डा. विनोद लुईंटेल लगायत्ले सङ्कायको सुधारका लागि सुझावहरू दिनुभएको थियो ।

# दीक्षान्त भाषण सङ्ग्रह प्रकाशन

त्रिभुवन विश्वविद्यालय सूचना तथा जनसम्पर्क महाशाखाले *त्रिभुवन विश्वविद्यालय दीक्षान्त भाषणहरूको संग्रह २०७५-२०८१* प्रकाशित गरेको छ । प्रकाशित छन् । भाषण सङ्ग्रहको विमोचन माघ २४ मा उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले गर्नुभएको हो । उक्त सङ्ग्रह त्रिवि केन्द्रीय कार्यालय, समान्य प्रशासन सङ्ग्रह सम्पादन मण्डलको संयोजक नेपाली केन्द्रीय विभागका प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपाने, सदस्यहरू प्रा.डा. जीवलाल सापकोटा, प्रा.डा. बलराम प्रसाई,



*त्रिभुनव विश्वविद्यालय दीक्षान्त भाषणहरूको सङ्ग्रह २०७५-२०८१ को विमोचन गर्दै उपकुलपति प्रा.डा. केशरजङ्ग बराल ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

२०७५ सालयता विभिन्न मिति र समयमा भएका दीक्षान्त समारोहमा उपस्थित कुलपति, सहकुलपति, प्रमुख अतिथि र उपकुलपतिका भाषणहरू सङ्ग्रहमा महाशाखाको स्टोर शाखाबाट उपलब्ध हुने व्यवस्था गरिएको छ ।

त्रिविका रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजाल संरक्षक रहनुभएको भाषण कुमार प्रसाद हुमागाईं, कमल घिमिरे र सदस्य-सचिव सूचना तथा जनसम्पर्क महाशाखाका निवर्तमान प्रमुख भिमबहादुर श्रेष्ठ हुनुहुन्थ्यो ।

# जापानी राजदूतसँग शिष्टाचार भेट

नेपालका लागि जापानका राजदूत मेइडा टोरूले माघ २८ गते त्रिभुवन विश्वविद्यालयको भ्रमण गरी उपकुलपतिको कार्यालय कीर्तिपुरमा विश्वविद्यालयका पदाधिकारीहरूसँग शिष्टाचार भेट गर्नुभएको छ ।

भेटमा त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले जापान सरकारबाट प्राप्त भइरहेको सहयोगप्रति आभार व्यक्त गर्दै चिकित्साशास्त्र, इञ्जिनियरिङ्ग र विज्ञान प्रविधिको क्षेत्रमा थप सहयोगको अपेक्षाका साथ राजदूत मार्फत् जापान सरकारलाई नेपालको उच्चशिक्षा क्षेत्रलाई प्राथिमकता दिन अनुरोध गर्नुभयो । राजदूत टोरूले जापान सरकारले नेपाललाई सधैं प्राथिमकतामा राखेको र आगामी दिनमा समेत् नेपाल र जापानबीचको मैत्रिपूर्ण सम्बन्ध प्रगाढ रहिरहने विचार व्यक्त गर्दै त्यस क्रममा उच्चशिक्षामा पनि सहकार्य अघि बढाउन आवश्यक समन्वय गरिने स्पष्ट गर्नुभयो ।

सो अवसरमा उच्चशिक्षामा सहयोग अभिवृद्धि, संयुक्त अनुसन्धान परियोजना सञ्चालन, आर्थिक सहयोग, द्विपक्षीय व्यापार र आन्तरिक उत्पादन वृद्धि लगायत्का विषयमा छलफल भएको थियो । भेटघाटमा त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसी, रजिष्ट्रार प्रा.डा. केदार प्रसाद रिजाल एवम् अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रका कार्यकारी निर्देशक विनोद जोशी लगायत्को उपस्थिति थियो ।



*जापानी राजदूतलाई विश्वविद्यालयमा स्वागत गर्दै त्रिविका पदाधिकारीहरू ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

# चिनियाँ मन्त्रीसँग शिष्टाचार भेट

जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनजाति मामिला आयोगका मन्त्री पान यूले आफ्नो तीनदिने औपचारिक नेपाल भ्रमणको क्रममा फागुन १३ गते त्रिभुवन विश्वविद्यालय एवम् त्रिविस्थित कन्फ्युसियस इन्स्टिच्यूटको भ्रमण गरी उपकुलपति प्रा.डा. केशरजङ्ग बरालसँग शिष्टाचार भेट गर्नुभएको छ ।

भेटघाटको क्रममा मन्त्री यूले त्रिभुवन विश्वविद्यालय र जातीय अध्ययनमा विशेषज्ञता प्राप्त चिनियाँ विश्वविद्यालयहरूबीच शैक्षिक सहकार्यलाई बढावा दिन रूचि व्यक्त गर्नुभएको छ । उहाँको भनाइ थियो, "नेपालको समृद्ध जातीय संस्कृति र परम्पराबाट हामी प्रभावित छौं । संस्कृति र परम्परा मानवीय जीवन पद्धति, चिन्तन प्रणाली र सुखी हुने महत्वपूर्ण पक्ष भएकाले चिनियाँ सरकारले जातीय मान्यता र परम्पराको अध्ययन-अनुसन्धानमा विशेष चासो देखाउन थालेको हो । त्रिभुवन विश्वविद्यालयका विभिन्न अध्ययन संस्थान तथा विभाग र चीनका विश्वविद्यालयबीच यस क्षेत्रमा सहकार्य गरी नेपालका जनजातिहरूको अध्ययन प्रारम्भ गर्न हामी प्रतिवद्ध छौं ।"

सो अवसरमा उपकुलपति बरालले दुई देशबीच शैक्षिक सम्बन्ध सुदृढ गर्न मन्त्री यूले देखाउनु भएको चासोको प्रशंसा गर्दै त्रिविले संस्कृत, नेपाली, भाषाविज्ञान, इतिहास, संस्कृति तथा पुरातत्व, मैथिली, हिन्दी, नेपालभाषा विभागहरू मार्फत् भाषा, संस्कृति र परम्परामाथि उच्च शैक्षिक अध्ययन-अध्यापन र अनुसन्धान गरिरहेको स्पष्ट गर्नुभयो । नेपालमा हाल १४२ जातजाति




*चिनिया जनजाती मामिला मन्त्रीसँग त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बराल ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

र १२५ भाषाभाषी भएका उल्लेख गर्दै उहाँले जातीय अध्ययन-अनुसन्धानका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय तहमा सहकार्य अघि बढाउन त्रिवि इच्छुक रहेको स्पष्ट गर्नुभयो ।

भेटघाटमा चिनियाँ मन्त्री पान यूसँगै प्रतिनिधिमण्डलका सदस्यहरू अन्तरराष्ट्रिय विभागका महानिर्देशक वेई गुओशियोङ, राष्ट्रिय एकता विभागका उपमहानिर्देशक शू फुपाङ, अन्तरराष्ट्रिय विभागकी निर्देशक सुश्री चिउ पेङको उपस्थिति थियो भने त्रिविका तर्फबाट अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रका कार्यकारी निर्देशक विनोद जोशी, त्रिवि कन्फ्युसियस इन्स्टिच्यूटका चिनियाँ निर्देशक फाङ शिङ मान र नेपाली निमित्त निर्देशक डा. बलराम दुवाल उपस्थित हुनुहुन्थ्यो ।

# उपकुलपति-कप राष्ट्रिय खेलकूद सम्पन्न



*उपकुलपति-कप राष्ट्रिय खेलकुद प्रतियोगितक विजेता खेलाडीहरूसँग त्रिविका पदाधिकारीहरू ।*

*तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

त्रिभुवन विश्वविद्यालय विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयले उपकुलपति-कप राष्ट्रिय खेलकूद प्रतियोगिता सम्पन्न गरेको छ ।

माघ १३ देखि १७ सम्म चलेको प्रतियोगिताको उद्घाटन त्रिविका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालले गर्नुभएको थियो । प्रतियोगिताको उद्घाटन जावलाखेलस्थित राष्ट्रिय भलिबल प्रशिक्षण केन्द्रमा र समापन त्रिवि स्मृति भवन कीर्तिपुरमा गरिएको थियो । प्रतियोगितामा त्रिविका ३७ निकायबाट चारवटा खेलमा प्रतिस्पर्द्धाका लागि ८४८ विद्यार्थी सहभागी भएका थिए ।

उद्घाटन समारोहमा गरिएको सम्बोधनमा उपकुलपति बरालले खेलकुदले जीवनलाई अनुशासित बनाउने कुरामा जोड दिँदै प्रतियोगितामा

संलग्न सबै विद्यार्थीलाई सफलताको शुभकामना दिनुभयो । त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीले खेलकूद पूर्वाधार निर्माणमा आफूहरू सकारात्मक रहेको स्पष्ट गर्दै आगामी उपकुलपति-कपको उद्घाटन विश्वविद्यालय परिसरमै गर्ने प्रतिवद्धता जनाउनु भयो ।

उपकुलपति-कप राष्ट्रिय खेलकुद प्रतियोगितामा छात्र भलिबलमा मेची बहुमुखी क्याम्पस झापा पहिलो, महेन्द्र बहुमुखी क्याम्पस धरान दोस्रो र विश्वविद्यालय क्याम्पस कीर्तिपुर तेस्रो स्थान हासील गर्न सफल भएका छन् । छात्रा भलिबलतर्फ पनि मेची क्याम्पस नै पहिलो भएको छ भने महेन्द्र बहुमुखी क्याम्पस दाङ दोस्रो र महेन्द्र बहुमुखी क्याम्पस धरान तथा पृथ्वीनारायण क्याम्पस पोखरा तेस्रो स्थान प्राप्त गर्न सफल भएका छन् ।

यसैगरी ब्याडमिन्टन सिंगलमा पुरूषतर्फ त्रिचन्द्र क्याम्पसका सुनिल जोशीले पहिलो, महेन्द्र बहुमुखी क्याम्पस दाङका हिमान्सु कुँवर मगरले दोस्रो र महेन्द्र बहुमुखी क्याम्पस दाङका सुरज गुप्ता तथा महेन्द्र बहुमुखी क्याम्पस धरानका सन्जुहाङ राईले तेस्रो स्थान प्राप्त गरेका छन् । ब्याडमिन्टन सिंगल महिलातर्फ चाहिँ केन्द्रीय क्याम्पस धरानकी भावना कडेम पहिलो, विश्वविद्यालय क्याम्पस कीर्तिपुरकी लीना चोङ्वाङ दोस्रो र पक्लिहवा क्याम्पस रूपन्देहीकी इम्मिता बड्वाल तथा महेन्द्र बहुमुखी क्याम्पस धरानकी इरिना राई तेस्रो भएका छन् ।

एथलेटिक्स खेलमा १०० मिटर दौडमा मेची क्याम्पसका सुजन सोरेन र महेन्द्रमोरङ बहुमुखी क्याम्पसकी आकृति चौधरी, २०० मिटर दौडमा पाटन संयुक्त क्याम्पसका प्रकाश जोशी र महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जकी विना थारू, ४०० मिटर दौडमा महेन्द्र बहुमुखी क्याम्पस दाङका सुशील कुमार बानियाँ र जुम्ला बहुमुखी क्याम्पसकी राज्यलक्ष्मी रावल तथा ८०० मिटर दौडमा पाटन संयुक्त क्याम्पसका विकेश घिमिरे र विश्वविद्यालय क्याम्पस कीर्तिपुरकी फूलमति राना विजयी भएका छन् ।

टेबलटेनिस सिंगलमा महेन्द्र बहुमुखी क्याम्पस धरानका सिद्धार्थ तामाङ र विश्वविद्यालय क्याम्पस कीर्तिपुरकी शिखा सुवाल एवम् डबलमा महेन्द्र बहुमुखी क्याम्पस धरानका सरून राई र सिद्धार्थ तामाङ तथा भक्तपुर बहुमुखी क्याम्पसका दिया देउला र आशिका काशिश्वा विजयी भएका छन् ।

# सार्वजनिक सेवा प्रसारणसम्बन्धी नीति-सम्वाद

नेपाल टेलिभिजन र रेडियो नेपाल सार्वजनिक सेवा प्रसारण (Public Service Broadcasting-पिएसबी) को अवधारणामा सञ्चालन हुनलागेको सन्दर्भमा केन्द्रित भएर त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागले संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक सङ्गठन (यूनेस्को) को सहयोगमा नीति-सम्वाद कार्यक्रम आयोजना गरेको छ । सञ्चार तथा सूचनाप्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङको प्रमुख आतिथ्य र विभागका प्रमुख सहप्राध्यापक डा. कुन्दन अर्यालको अध्यक्षतामा माघ ४ गते विभागको कार्यालय बल्खुस्थित क्यामेरा भवनमा सम्पन्न कार्यक्रमको सञ्चालन उपप्राध्यापक डा. श्रीराम पौडेलले गर्नुभएको थियो ।

त्रिविले मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गतको एमफिल र एमए तहका पाठ्यक्रम परिमार्जन गर्नलागेको बेला आयोजना गरिएको नीति-सम्वाद अत्यन्त सान्दर्भिक भएको उल्लेख गर्दै सङ्कायका डीन प्रा.डा. दुविनन्द ढकालले पत्रकारिताको पाठ्यक्रम परिमार्जन गर्दा यसका निश्कर्षलाई ध्यानमा राख्न सुझाव दिनुभयो । कार्यक्रममा विभागका उपप्राध्यापक डा. घमराज लुईंटेलले नेपालले भरखरै शुरू गरेको सार्वजनिक सेवा प्रसारणलाई यसको संरचना, स्वायत्तता, बहुलता, विविधता, आर्थिक पक्ष र जवाफदेहिताका आधारमा बेलायत, अष्ट्रेलिया, फ्रान्स, संयुक्त राज्य अमेरिका, दक्षिण अफ्रिका, जापान र भारतका प्रणालीसँग तुलना गर्नुभयो । विश्वमा शुरू भएको झण्डै सय वर्षपछि सार्वजनिक सेवा प्रसारणमा प्रवेश गरेको नेपालको पिएसबी नीतिमा धेरै हदसम्म सरकारी नियन्त्रण, राजनीतिक नियुक्ति र मन्त्रालयको तजबीज हावी भएको उहाँको निश्कर्ष थियो ।

यूनेस्कोका सञ्चार अधिकृत निर्जना शर्माले नेपालमा सार्वजनिक सेवा प्रसारण ऐन आएको र यसको

संरचना बनिरहेको बेला विभागले छलफल शुरू गरेर सराहनीय काम गरेको उल्लेख गर्दै भन्नुभयो, "यूनेस्कोले १९९०-२००० को दशकमा पिएसबीमा धेरै काम गरेको हो । अहिले यसलाई राज्यको संरचनाबाट स्वायत्त संरचनामा र डिजिटल प्रविधि अनुकुल मल्टिच्यानल दाहालले भन्नुभयो, "यसमा कमीकमजोरी र छुटेका कुरा धेरै छन् । नियमावली, विनियम, कार्यविधि, संरचना, कर्मचारी नियुक्ति-बर्खास्ती, आर्थिक स्रोत लगायत् यसको सुसञ्चालनका हरेक पक्षमा सरकारको भारी नियन्त्रण छ । स्रोता-दर्शक प्रतिनिधि समेत् सरकारले तोक्ने विषयमा पिएसबीका मान्यता समेटिएको छैन । तैपनि दुई दशकदेखि कहिले अगाडि बढ्दै, कहिले पछाडि हट्दै आएको सार्वजनिक सेवा प्रसारण कार्यान्वयन हुनु आफैंमा सकारात्मक उपलब्धि हो र यसलाई सुधार गर्दै लैजानुपर्छ ।"




*त्रिवि पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागद्वारा आयोजित सार्वजनिक सेवा प्रसारणसम्बन्धी नीति-सम्वाद कार्यक्रममा विचार व्यक्त गर्दै सञ्चार तथा सूचनाप्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ । तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

प्लेटफर्ममा लैजाने चुनौती छ । यस्तो अवस्थामा पिएसबीको परम्परागत अवधारणामा परिमार्जनको आवश्यकता छ र यूनेस्को यसमा सहयोग गर्न तत्पर छ ।"

नेपालले अँगालेको पिएसबी नीतिको चिरफार गर्दै फ्रिडम फोरमका प्रमुख कार्यकारी अध्यक्ष तारानाथ व्यवस्था गरेर जनसहभागिताको प्रावधान सीमित पारिएको छ । स्वतन्त्रता, स्वायत्तता, सम्पादकीय निष्पक्षता, सर्वव्यापी पहुँच, आर्थिक सुनिश्चितता, संसदीय उत्तरदायित्व, स्वतन्त्र लोकपाल र सामाजिक परीक्षण, श्रम सम्बन्ध र अधिकार, प्रादेशिक र स्थानीय तहको अधिकार, दायित्व र सम्बन्धजस्ता

सञ्चारविज्ञ डा. रघु मैनालीले वर्षौंदेखिको प्रयत्नपछि सार्वजनिक सेवा प्रसारण ऐन प्रारम्भ भएकोमा गर्व र दुविधा दुवै खालको अनुभूति भएको उल्लेख गर्दै भन्नुभयो, "तर हामीले जानेको र हात लागेको सार्वजनिक सेवा प्रसारणमा धेरै कुरा मेल खाँदैनन् । पहिलो त यसको नामैले जनता वा नागरिकलाई

छुँदैन । 'पब्लिक सर्भिस ब्रोडकाष्टिङ'को पहिलो शब्द 'पब्लिक'को मर्मअनुसार यसको नाम 'जनसेवी प्रसारण सेवा' हुनुपर्दथ्यो, नकि सार्वजनिक सेवा प्रसारण । ऐनका प्रावधान हेर्दा यो जति उदार, गतिशील, पारदर्शी, लोकतान्त्रिक र बहुलवादी हुनुपर्दथ्यो, त्यति छैन ।"

सार्वजनिक सेवा प्रसारण बोर्डका निमित्त कार्यकारी प्रशासन प्रमुख विष्णुराम न्यौपानेले लामो समयपछि पिएसबीको शुरूवात हुनु राम्रो कुरा भएकोमा जोड दिनुभयो । "हामी अहिले शुरूवाती चरणमा छौं । अन्त्यमा हुने भनेको नागरिक केन्द्रित नै हो", उहाँको भनाइ थियो, "यो छलफलले हामीलाई आफ्नो उद्देश्य हासील गर्न सहयोग पुऱ्याउँछ । यसका निश्कर्षलाई शीरोधार्य गरेर नै अगाडि बढ्नेछौं ।"

कार्यक्रमका प्रमुख अतिथि सूचना तथा सञ्चारप्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङले सार्वजनिक प्रसारण ऐनको मस्यौदा धेरै अघि भएको र यस्तो छलफल ऐन मस्यौदाका बेला गरिएको भए धेरै सान्दर्भिक हुने उल्लेख गर्दै भन्नुभयो, "यसमा के कुरा कस्तो भयो भन्ने आफ्नो ठाउँमा छ । अरू देशका उदाहरण र विश्वव्यापी सिद्धान्तका कुरालाई हामीले नेपालको विशिष्टता र आवश्यकतासँग जोड्न सक्नुपर्छ । ऐनमा त्यसै गर्न खोजिएको छ । फेरि यो परिवर्तन हुनैनसक्ने पनि होइन । अहिलेलाई ऐन आउनु धेरै राम्रो हो । अव कार्यान्वयनमा लैजाऔं । लोकतन्त्र र पिएसबी सँगै जानुपर्दछ । यही मान्यताका आधारमा हामी नियम, विनियमहरू बनाउनेछौं । यसै क्रममा आवश्यकता अनुरूप सुधार गर्दै जान सकिन्छ । सुधार भनेको विस्तारै गर्दै जाने हो । एक्कासी गरेमा दुर्घटनामा पनि पर्न सकिन्छ ।"

कार्यक्रमका अध्यक्ष डा. कुन्दन अर्यालले अतिथि, सहभागी एवम् सहयोगी सबैलाई धन्यवाद ज्ञापनका साथ नीति-सम्वाद समापन गर्दै भन्नुभयो, "नेपालले शुरू गरेको सार्वजनिक सेवा प्रसारणमाथि गहन सम्वाद होस् भन्ने हामीले चाहेका थियौं र भयो पनि । यो कसैको विरोध वा समर्थनको नभई हामी सबैको साझा छलफल हो । सरकारी प्रसारण र सार्वजनिक प्रसारण एउटै हो भन्ने भ्रम अझै पनि रहेछ र वास्तविक पिएसबीका लागि हामी सबैले अझै प्रयत्न गर्नुपर्ने देखिएको छ ।"

## अङ्ग्रेजी शिक्षा विभागद्वारा आयोजित TU-TESOL International Conference 2025 सम्पन्न

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत महेन्द्ररत्न क्याम्पस ताहाचल, अङ्ग्रेजी शिक्षा विभागको प्रमुख आयोजकत्वमा अङ्ग्रेजी भाषा शिक्षणसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन TU-TESOL International Conference 2025 माघ १९ र २० गते काठमाडौंमा सम्पन्न भयो ।

Teacher Engagement in Innovative Pedagogy: Embracing Context, Creativity and Criticality in TESOL मूलसार मानिएको सम्मेलनको मुख्य उद्देश्य अङ्ग्रेजी भाषा शिक्षणमा आवद्ध विज्ञ, प्राध्यापक, नीति निर्माता, विद्यालय शिक्षक, शोधकर्ता तथा विद्यार्थीहरूका लागि पेशागत अभिवृद्धि, नवीनतम् प्रवृत्ति र प्रविधिसम्बन्धी ज्ञान एवम् अनुभव आदान-प्रदानको साझामञ्च उपलब्ध गराउनु थियो । सम्मेलनका सहआयोजक क्षेत्रीय अङ्ग्रेजी भाषा कार्यालय (RELO) अमेरिकन राजदूतावास र काठमाडौं इञ्जिनियरिङ्ग कलेज कालिमाटी थिए ।

सम्मेलनको उद्घाटन सत्रका प्रमुख अतिथि त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसी र विशेष अतिथि शिक्षाशास्त्र सङ्कायका डीन प्रा.डा. वेदराज आचार्य हुनुहुन्थ्यो । सम्मेलनको सभापतित्व महेन्द्ररत्न क्याम्पस अङ्ग्रेजी शिक्षा विभागका प्रमुख सहप्राध्यापक डा. लोकराज रेग्मीले गर्नुभएको थियो भने संरक्षकको भूमिका महेन्द्ररत्न क्याम्पसका प्रमुख सहप्राध्यापक गेहेन्द्रप्रसाद दाहालले निर्वाह गर्नुभएको थियो ।

उद्घाटन सत्रमा शुभकामना मन्तव्य दिँदै प्रमुख अतिथि शिक्षाध्यक्ष केसीले सम्मेलन अङ्ग्रेजी भाषा शिक्षणलाई प्रभावकारी, अनुसन्धानमूलक प्रविधिमैत्री र समसामयिक शिक्षणविधिमा आधारित बनाउन सहयोगी हुनुका साथै आवश्यक ज्ञान तथा अनुभव आदानप्रदान गर्न




*अङ्ग्रेजी भाषा शिक्षणसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन TU-TESOL International Conference 2025 त्रिविका शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसीका साथै अन्य सहभागीहरू ।* *तस्बीर : सूचना तथा जनसम्पर्क महाशाखा*

सफल हुने अपेक्षा व्यक्त गर्नुभयो । सम्मेलनमा विभिन्न शीर्षकमा स्वदेशी तथा विदेशी विद्वानहरूका कार्यपत्रका साथै दुईवटा मुख्य प्रवचन (keynote speech), दुई फरक विषयमा विज्ञ छलफल (panel discussion) र दुईवटै पूर्ण भाषण (plenary speech) प्रस्तुत गरिएका थिए । पहिलो दिनको सत्रमा रेलो अफिसर रोजर कोहेनले Elevating the Speaking Level of Lower Intermediate University Students शीर्षकमा बोल्नु भएको थियो भने दोस्रो दिनको सत्रमा प्रा.डा. गोविन्दराज भट्टराईले Contemporary ELT Principles and Practices Remain at the Periphery of Multiple Realities शीर्षकमा प्रवचन दिनुभएको थियो ।

## अनुरोध

त्रिभुवन विश्वविद्यालय बुलेटिनमा प्रकाशनार्थ समाचार, जानकारी, सूचना पठाई सहयोग गरिदिनु हुन त्रिविका डीन कार्यालय, अनुसन्धान केन्द्र, केन्द्रीय विभाग, क्याम्पस तथा अन्य निकायहरूलाई हार्दिक अनुरोध छ ।

*त्रिभुवन विश्वविद्यालय बुलेटिन*

# अनिवार्य अवकाश

| शिक्षक-कर्मचारीको नाम | पद | कार्यालयको नाम | अवकाश मिति |
|---|---|---|---|
| श्री थानेश्वर अर्याल | सह-प्राध्यापक | बुटवल बहुमुखी क्याम्पस, बुटवल | २०८१।१०।०५ |
| श्री अनिल कुमार रमण | सह-प्राध्यापक | ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज | २०८१।१०।०५ |
| श्री गोपालप्रसाद पौडेल | उप-प्राध्यापक | पाटन संयुक्त क्याम्पस, पाटनढोका | २०८१।१०।०५ |
| प्रा.डा. रजनी मल्ल | प्राध्यापक | जैविक प्रविधि विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर | २०८१।१०।०७ |
| श्री शंकरमान श्रेष्ठ | सह-प्राध्यापक | ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज | २०८१।१०।०७ |
| श्री गोपाल घिमिरे | सिनियर ल्याबब्वाई | पूर्वाञ्चल क्याम्पस, धरान | २०८१।१०।१० |
| श्री ओकिला देवी चुडाल | शाखा अधिकृत | शिक्षण अस्पताल, महाराजगञ्ज | २०८१।१०।११ |
| श्री दुधराज गुरूङ | कार्यालय सहयोगी | पोखरा क्याम्पस, पोखरा | २०८१।१०।१२ |
| श्री ऋषिराम बास्तोला | सिनियर बुकचेकर | पश्चिमाञ्चल क्याम्पस, पोखरा | २०८१।१०।१४ |
| श्री पासाङ्ग तामाङ | वार्ड सेवक | महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम | २०८१।१०।१५ |
| श्री चन्द्रनारायण गोहिवार | सह-प्राध्यापक | रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुर | २०८१।१०।१७ |
| श्री इन्द्र बहादुर श्रेष्ठ | शाखा अधिकृत | पृथ्वीनारायण क्याम्पस, पोखरा | २०८१।१०।१७ |
| श्री विद्यासागर झा | सह-प्राध्यापक | बुटवल बहुमुखी क्याम्पस, बुटवल | २०८१।१०।२२ |
| श्री भीम बहादुर श्रेष्ठ | सह-प्रशासक | सूचना तथा जनसम्पर्क महाशाखा, कीर्तिपुर | २०८१।१०।२५ |
| श्री वीर बहादुर रायमाझी | वरिष्ठ प्रशिक्षक | पूर्वाञ्चल क्याम्पस, धरान | २०८१।१०।२६ |
| श्री दयानिधि घिमिरे | उप-प्राध्यापक | वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन | २०८१।११।०२ |
| श्री राम कृष्ण श्रेष्ठ | लेखा अधिकृत | रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग | २०८१।११।०२ |
| श्री सुरेश गौतम | उप-प्राध्यापक | नेपाल कमर्श क्याम्पस, मिनभवन | २०८१।११।०३ |
| श्री राज कृष्ण महर्जन | शाखा अधिकृत | कानून सङ्काय, डीनको कार्यालय | २०८१।११।०४ |
| श्री कृष्ण बहादुर श्रेष्ठ | सिनियर ल्याबब्वाई | केन्द्रीय प्रविधि क्याम्पस, धरान | २०८१।११।०४ |

# अनिवार्य अवकाश

| शिक्षक-कर्मचारीको नाम | पद | कार्यालयको नाम | अवकाश मिति |
|---|---|---|---|
| श्री मचाभाई शाक्य | सहायक लाईब्रेरियन | सरस्वती बहुमुखी क्याम्पस, लेखनाथमार्ग | २०८१।११।०५ |
| श्री गोविन्द बहादुर कटवाल | सह-प्राध्यापक | महेन्द्ररत्न क्याम्पस, ताहाचल | २०८१।११।०९ |
| श्री पुण्यप्रसाद खरेल | उप-प्राध्यापक | मेची बहुमुखी क्याम्पस, भद्रपुर, झापा | २०८१।११।११ |
| श्री मीना देवी लम्साल | टाईपिष्ट ग | त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा | २०८१।११।११ |
| श्री शरणकुमार कुईकेल | मुख्य बुकचेकर | सेवा आयोगको कार्यालय, कीर्तिपुर | २०८१।११।१२ |
| श्री सत्य नारायण कालिका | उप-प्राध्यापक | शंकरदेव क्याम्पस, रामशाहपथ | २०८१।११।१५ |
| श्री कमलप्रसाद ढुंगाना | प्रशिक्षक | पूर्वाञ्चल क्याम्पस, धरान | २०८१।११।१६ |
| श्री ईश्वरप्रसाद न्यौपाने | सह-प्राध्यापक | महेन्द्ररत्न क्याम्पस, ताहाचल | २०८१।११।१७ |
| श्री विश्वप्रसन्न अमात्य | सह-प्राध्यापक | पुल्चोक क्याम्पस, पुल्चोक | २०८१।११।१८ |
| श्री ओविराज खनाल | उप-प्राध्यापक | पाटन संयुक्त क्याम्पस, पाटनढोका | २०८१।११।१८ |
| प्रा.डा. योगेन्द्र बहादुर गुरूङ | प्राध्यापक | जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग, कीर्तिपुर | २०८१।११।२३ |
| प्रा.डा. रेजिना मास्के ब्याँजु | प्राध्यापक | वातावरण विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर | २०८१।११।२३ |
| श्री मुरारीप्रसाद सुवेदी | कार्यालय सहयोगी | भाषा विज्ञान केन्द्रीय विभाग, कीर्तिपुर | २०८१।११।२४ |
| श्री शंकर मैनाली | शाखा अधिकृत | मेची बहुमुखी क्याम्पस, मेची | २०८१।११।२७ |
| श्री हिमाल रूपा घिमिरे | शाखा अधिकृत | परीक्षा नियन्त्रण कार्यालय, बल्खु | २०८१।११।२७ |
| श्री बाबुराम अधिकारी | कार्यालय सहयोगी | वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर | २०८१।११।२९ |
| श्री रमेशमान श्रेष्ठ | प्राविधिक अधिकृत | पुल्चोक क्याम्पस, पुल्चोक | २०८१।११।३० |

**प्रकाशक** : त्रिभुवन विश्वविद्यालय, सूचना तथा जनसम्पर्क महाशाखा, कीर्तिपुर, फोन नं. ४३३०३४६
**इमेल** : info@tu.edu.np
**वेबसाइट** : www.tu.edu.np
**सम्पादक** : शान्ता कुमारी नेउपाने
**सम्वाददाता** : कृष्णप्रसाद वस्ताकोटी
**कम्प्युटर डिजाइन** : सरोज महर्जन
**मुद्रक** : त्रिवि छापाखाना, कीर्तिपुर